# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ १३ गते २०२६ साल

श्री ५ को सरकार

वन मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही वनस्पति उद्यान गोदावरीको लागि वाग्मती अञ्चल ललितपुर जिल्ला किटनी ग्राम पञ्चायत वडा नं. ५ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्न निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सान वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व, पश्चिम, उत्तर र दक्षिण शाही वनस्पति उद्यान एरिया भएको कि. नं. १ को जग्गा रोपनी ८–६–३ कि.नं.२ को जग्गा रोपनी ९–१०–३ र कि.नं.३ को जग्गा रोपनी ९–३ समेतको मालपोत रू. ९५।३६ (पञ्चानब्बे रूपैयाँ छत्तीस पैसा) लागेको जम्मा जग्गा रोपनी २७।४।२ (सत्ताइस रोपनी चार आना दुई पैसा) को कित्ता एक – – –१

आज्ञाले–

प्रयागराज पाण्डे

श्री ५ को सरकारको सचिव

९२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।